नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(अनुमतिपत्र महाशाखा)

फोन नं. ५५३४९९९
५५१९५३७
५५१९५०१

फ्याक्स (९७७-१)-५५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८२/८३
च. नं. :- १६०८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मितिः २०८२/१२/१८

श्री के. पी. सी. इनर्जी प्रा. लि.,
काठमाडौं-१७, काठमाडौं, नेपाल।
फोन नः ९८५१२२९१५८

विषयः विद्युत उत्पादनको अनुमतिपत्र दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित ठुलिगंगा जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू सात (७) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/१२/१७ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रवर्द्धक कम्पनीको दर्ताको प्रमाण पत्र, प्रबन्धपत्र, नियमावली, प्यान दर्ता (नोटराइज प्रतिलिपि) ।
२. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि।
३. प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र (नोटराइज प्रतिलिपि)।
४. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि)।
५. प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
६. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू।
७. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
८. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रवन्धपत्र, नियमावली तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।

(सुरेश प्रसाद ठाकुर)
इन्जिनियर